रोजगार सम्वाद मञ्च

संदीप कुमार साह

(रोजगार संयोजक)

परोहा नगरपालिका, रौतहट

रोजगार सम्वाद मञ्च सम्बन्धी व्यवस्था

⇨ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४७ मा रोजगार सम्वाद मञ्च सम्बन्धी व्यवस्था रहेको,

४७. **रोजगार सम्वाद मञ्चः** (१) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न र रोजगार नीति र कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहले निजी, सहकारी तथा गैरसरकारी क्षेत्र र नागरिक समाज एवम् सञ्चार जगत समेतको सहभागितामा रोजगार सम्वाद मञ्चहरु गठन गर्न सक्नेछन् ।

⇨ एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को दफा २१ मा रोजगार सम्वाद मञ्चको व्यवस्था रहेको,

२१. **रोजगार सम्बाद मञ्चको सञ्चालन गर्ने** : (१) स्थानीय तहले रोजगारको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारको अवसरको पहिचान, समस्याको निदान र रोजगारको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न रोजगार सम्वाद मञ्चको सञ्चालन गर्न सक्नेछ।

रोजगार सम्वाद मञ्च सम्बन्धी व्यवस्था

⇨ रोजगारीको हक सम्बन्धी नियमावली, २०७५



२४. **कार्यविधि बनाउन सक्ने** : प्रदेश सरकार र स्थानीय तहले यो नियमावली कार्यान्वयनका लागि आ-आफ्नो कार्य क्षेत्रमा लागू हुने गरी आवश्यक कार्यविधि बनाई कार्यान्वयन गर्नसक्नेछ।

⇨ परोहा नगरपालिकाको रोजगार सम्वाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३ मा रोजगार सम्वाद मञ्चको व्यवस्था रहेको

रोजगार सम्वाद मञ्चको उद्देश्य

- ⇨ रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गर्ने,
- ⇨ रोजगारीका क्षेत्रमा रहेका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने,
- ⇨ रोजगारीका क्षेत्रमा रहेका समस्याहरुको निदान गर्ने,
- ⇨ रोजगारी सिर्जनाका नवीनतम् उपाय एवम् ढाँचा तथा विधिहरुको विकास गर्ने,
- ⇨ रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिने ।

रोजगार सम्वाद मञ्चको गठन

- परोहा रोजगार सम्वाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३ (२) अनुसार देहायको रोजगार सम्वाद मञ्चको गठन सम्बन्धी व्यवस्था रहेको छ ।

(क) नगर प्रमुख	संयोजक
(ख) उपप्रमुख	सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत	सदस्य
(घ) नगरपालिकाको आर्थिक विकास समितिको संयोजक	सदस्य
(ङ) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक	सदस्य

रोजगार सम्वाद मञ्चको गठन

(च) नगरपालिकामा कार्यरत गैरसरकारी संस्थाहरु मध्ये

संयोजकले तोकेको प्रतिनिधि एक जना — सदस्य

(छ) नगरपालिकामा आवद्ध/कार्यरत निर्माण व्ययवसायीहरु

मध्ये संयोजकले तोकेको प्रतिनिधि एक जना — सदस्य

(ज) नगरपालिकाको उद्योग बाणिज्य संघको प्रतिनिधि एक जना — सदस्य

(झ) नगरस्तरीय सहकारी संजालको प्रतिनिधि एक जना — सदस्य

(ञ) नागरिक समाजको प्रतिनिधि एक जना — सदस्य

(ट) सञ्चार समूहका प्रतिनिधि एक जना — सदस्य

मञ्चको गठन

(ठ) घरेलु तथा साना उद्योग संचालक अथवा तालिम प्रदायक संस्थाको प्रतिनिधि एक जना — सदस्य

(ड) रोजगार संयोजक — सदस्य सचिव

मञ्चको काम, कर्तव्य र अधिकार

(क) स्थानीय तहभित्र रहेको रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने,

(ख) बेरोजगारीको समस्या समाधान गर्न रोजगारी सिर्जनाका नवीनतम उपाय, ढाँचा तथा विधिहरुको विकास गर्ने,

(ग) बेरोजगारीको समस्यालाई दिगो वा दीर्घकालीन रुपमा समाधान गर्न रोजगारी सम्बन्धी विषयमा आवश्यक नीति, रणनीति, कार्यनीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न परामर्श दिने र सहयोग गर्ने,

(घ) आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न स्थानीय तथ्यांक संलकन, प्रशोधन, अध्ययन, अनुसन्धान तथा प्रकाशन गर्ने गराउने,

(ङ) स्थानीय तहमा रहेका रोजगारदाताको प्रोफाइल निर्माण गर्न आवश्यक सहजीकरण गर्ने,

मञ्चको काम, कर्तव्य र अधिकार

(च) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने,

(छ) स्थानीय तहमा रोजगारी तथा स्वरोजगारी सम्बन्धी कार्य गर्ने अन्य सरकारी निकाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र वा त्यस्ता अन्य निकायद्वारा सञ्चालित कार्यक्रमहरुसँग समन्वय र सहकार्य गर्न राय, परामर्श प्रदान गर्ने,

(ज) श्रमको सम्मान, राष्ट्रको अभियान सञ्चालनमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(झ) रोजगार प्रदायक निकाय वा सीपमूलक तालिम प्रदायक निकायहरुको बिचमा तालिम सञ्चालन गर्न आवश्यक समन्वय गरी श्रम बजारको माग र आपूर्ति बिच सन्तुलन कायम गर्न सहयोग गर्ने।

(ञ) रोजगार सेवा केन्द्रलाई आवश्यक राय, सल्लाह सुझाव तथा निर्देशन दिने,

मञ्चको काम, कर्तव्य र अधिकार

(ट) श्रम बजारमा आवश्यक जनशक्ति विकासका लागि तालिम प्रदान गर्नु पर्ने क्षेत्रहरुको पहिचानमा सहयोग गर्ने,

(ठ) रोजगारदाता तथा कामदारका बिचमा सिर्जना हुने विवाद समाधानमा सहजीकरण गर्ने।

(ड) रोजगार विनिमय सेवा, उद्यमशिलता विकास, सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई पुनःएकीकरण लगायतका विषयमा एकीकृत रुपमा सेवा प्रवाह गर्न स्थानीय तहलाई आवश्यक सल्लाह सुझाव दिने,

धन्यवाद

Contact No.: 9851188210

Email: sandeepkumarsah210@gmail.com

Website: https://sandeepksah.com.np

Facebook: www.facebook.com/sandeep.shah.7330/

Youtube: www.youtube.com/@sandeepsah6740